annapurnapost.com
अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३४५ पृष्ठ ८ | काठमाडौं, सोमबार ८ वैशाख २०८२ | वैशाख कृष्णपक्ष नवमी, नेपाल संवत् ११४५ | MONDAY, APRIL 21, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# के मागिरहेछन् शिक्षक ? केमा अल्भिरहेछ वार्ता ?



शिक्षकहरूले काठमाडौं केन्द्रित भएर आन्दोलन गर्दाको मुख्य माग राखेका थिए, जसरी पनि विद्यालय शिक्षा ऐन चाहियो । त्यसका लागि पटक-पटक वार्ता गरेर सरकारले वैशाख १२ गतेदेखि संसद् अधिवेशन बोलाइसकेको छ । प्रधानमन्त्री केपी शर्मा ओली र सभामुख देवराज घिमिरेले पनि छिटो ऐन ल्याउने प्रतिबद्धता व्यक्त गरिसकेका छन् । सरकारले पूरा गर्न सक्ने मागको विषयमा पनि मौखिक सहमति आइतबार भइसकेको छ । ऐन ल्याउन दुईवटा बाटा हुन्छन् । एउटा अध्यादेश र अर्को विधेयकमार्फत । अस्थायी बाटो छोडेर विधेयककै भरपर्दो उपायसहित सरकार लचिलो देखिए पनि शिक्षकले आन्दोलन झन् उग्र बनाएका छन् । आखिर उनीहरूको मागमा नपुगेको के छ त ? के-के माग पूरा भए आन्दोलन रोकिन्छ त ?

सुरेन्द्र काफ्ले/ममता थापा | *काठमाडौं*

- को रिपोर्ट

समाचार पृष्ठ २

अभिषेक महर्जन

# एसडीजी हासिल गर्न २११ खर्ब आवश्यक




**सुनिता कार्की** | *काठमाडौं*

नेपाललाई दिगो विकास लक्ष्य (एसडीजी) कार्यान्वयन गर्न वार्षिक औसत ३० खर्ब २३ अर्ब रुपैयाँ लगानी आवश्यक पर्ने बताइएको छ।

राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको दिगो विकास लक्ष्य: आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति, २०८१ ले वार्षिक ३० खर्बभन्दा बढी लगानी आवश्यक पर्ने औंल्याएको हो। प्रतिवेदनअनुसार नेपालले सन् २०२४-३० सम्मका लागि दिगो विकास लक्ष्य कार्यान्वयनका लागि करिब २११ खर्ब ६५ अर्ब रुपैयाँ लगानी आवश्यक पर्ने अनुमान गरिएको छ।

यसमा सबैभन्दा धेरै सार्वजनिक क्षेत्रको ५७.५४ प्रतिशत, निजी क्षेत्रको ३४.३५, सहकारी तथा गैरसहकारी क्षेत्र ४.१८ प्रतिशत र घरपरिवार ३.९५ प्रतिशत हुने अनुमान छ। दिगो विकास लक्ष्य हासिल गर्न सरकारको मात्र नभई घरपरिवारसम्मको लगानी आवश्यक पर्ने आयोग उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीले जानकारी दिए। 'सार्वजनिक, निजी, सहकारी (गैरसरकारी र समुदायसहित) र घरपरिवार स्तरबाट वित्तीय स्रोत उपलब्ध हुने गरी रणनीति तयार पारिएको छ,' भन्दै अधिकारीले सार्वजनिक क्षेत्रलाई संघीय, प्रादेशिक र स्थानीय स्तरमा वर्गीकृत गरिएको उल्लेख गरे। प्रतिवेदनअनुसार सार्वजनिक क्षेत्रअन्तर्गत संघीय ७० प्रतिशत, प्रादेशिक ९ प्रतिशत र स्थानीय सरकारको २१ प्रतिशत लगानीको हिस्सा हुने छ।

कुल राजस्वको ७० प्रतिशत हिस्सा दिगो विकास लक्ष्यमा लगानीका लागि उपलब्ध हुने आंकलन गरिएको छ। यस्तै, सबै आन्तरिक ऋण दिगो विकास लक्ष्य क्षेत्रहरूका लागि उपलब्ध हुने र राजस्वको अनुपातमा वितरण गरिने अनुमान प्रतिवेदनले गरेको छ। यो अवधीमा वैदेशिक सहायता १० प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ भने कुल लगानीको १८ प्रतिशत वैदेशिक स्रोत परिचालनबाट पूर्ति हुने भनिएको छ। दिगो विकासमा १७ लक्ष्य रहेका छन्, जसमा १.गरिबीरहित, २.भोकरहित, ३.पोषण प्राप्त गर्ने अनि दिगो कृषिलाई प्रबर्द्धन गर्ने, ४.असल स्वास्थ्य, ५.गुण स्तरीय शिक्षा, ६.लैंगिक समानता, ७.स्वच्छ पानी र स्वच्छता, ८.नवीकरणीय र खरिदयोग्य ऊर्जा, ९.असल रोजगारीहरू र आर्थिक वृद्धि, १०.उद्योग, नवीन सोच र भौतिक संरचना आधारभूत संरचना, ११.असमानतालाई न्यूनीकरण, १२. दिगो सहरहरू र समुदायहरू, १३.उत्तरदायी उपभोग र उत्पादन

» बाँकी पृष्ठ ६

# युद्धविरामका बाबजुद रूसी आक्रमण जारी

**किभ** (एजेन्सी) : युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले आइतबार रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले आश्चर्यजनक तर छोटो इस्टर युद्धविरामको घोषणा गरे पनि रुसी सेनाले गोलाबारी र आक्रमणहरू जारी राखेको बताएका छन्।

आदेश लागू भएको केही घण्टापछि किभ र अन्य धेरै युक्रेनी क्षेत्रमा हवाई-आक्रमणका साइरन बजेका थिए। त्यसैले जेलेन्स्कीले रूसले आफूमाथिको आक्रमणहरू कायम राखेको आरोप लगाएका छन्।

युक्रेनी सेनाध्यक्ष ओलेक्सान्डर सिरस्कीको बिहान ६:०० बजेको रिपोर्टलाई उद्धृत गर्दै जेलेन्स्कीले सामाजिक सञ्जालमा भनेका छन्, 'विभिन्न फ्रन्टलाइन दिशामा रूसी गोलाबारीका ५९ वटा घटना र रूसी युनिटहरूद्वारा पाँच आक्रमण भइसकेका छन्।'

शनिबार मध्यरातसम्मको ६ घण्टामा रूसी सेनाले गोलाबारी गरेको ३ सय ८७ वटा घटना र १९ वटा आक्रमण भएको र रूसी सेनाले २ सय ९० पटक ड्रोन प्रयोग गरेको उनले बताए।

इस्टर सप्ताहन्तमा सबै युद्ध रोक्ने पुटिनको आदेश मस्को र किभलाई युद्धविराममा सहमत गराउन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको महिनौंदेखिको प्रयासपछि आएको हो।

शुक्रबार वासिङ्टनले कुनै प्रगति नभए वार्ताबाट फिर्ता हुने धम्कीसमेत दिएको थियो। वार्ता अवरुद्ध हुँदै जाँदा राष्ट्रपति डोनाल्ड ट्रम्पले रूस र युक्रेनबीच शान्ति सम्झौता प्राप्त गर्ने आफ्नो प्रयास त्याग्ने भन्नेमा विचार गरिरहेका जनाइएको छ। ट्रम्पले शान्ति सम्झौता सम्भव नहुने देखेपछि आफ्नो प्रशासनलाई वार्ताबाट बाहिरिन निर्देशन दिन सक्ने जनाइएको हो।

